द्विपक्षीय व्यापार र लगानी विस्तारमा नेपाल–कतार संयुक्त व्यवसाय परिषद् सक्रिय

news 24

काठमाडौं, माघ २५

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) र कतार चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीबीच गठन गरिएको संयुक्त व्यवसाय परिषद् (जेबीसी) सम्बन्धी छलफलका लागि कतार चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (क्यूसीसीआई) को प्रतिनिधिमण्डल काठमाडौं आइपुगेको छ।

संयुक्त व्यवसाय परिषद् स्थापनासम्बन्धी सम्झौता सन् २०२४ अप्रिलमा कतार राज्यका महामहिम अमिर शेख तमिम बिन हमद अल थानीको नेपाल भ्रमणका क्रममा हस्ताक्षर भएको थियो। यस सम्झौताले नेपाल र कतारबीचको आर्थिक सहकार्यलाई थप सुदृढ बनाएको छ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको निमन्त्रणामा काठमाडौं आएको कतारी प्रतिनिधिमण्डलको नेतृत्व जेबीसीका बोर्ड सदस्य मोहद अहमद एम. ए. अलोबैद् लीले गरेका छन्। काठमाडौंमा परिषद्को बैठक माघ २६ र २७ गते बस्नेछ। संयुक्त व्यवसाय परिषद् नेपाल र कतारका निजी क्षेत्रबीच संवाद, व्यावसायिक सहकार्य तथा प्रत्यक्ष संलग्नता प्रवर्धन गर्ने संरचित मञ्चका रूपमा स्थापना गरिएको हो।

काठमाडौं बसाइका क्रममा प्रतिनिधिमण्डलले उच्चस्तरीय भेटघाटहरू गर्नेछ।

नेपाल-कतार आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने र व्यापार तथा लगानी वृद्धि गर्न योगदान पुऱ्याउने नेपाल उद्योग वाणिज्य महासंघको अपेक्षा

प्रतिनिधिमण्डलले अर्थमन्त्री रमेश्वरप्रसाद खनाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा तथा नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलसँग भेट गर्ने कार्यक्रम छ।

संयुक्त व्यवसाय परिषद्ले अन्तिम रूप दिई सक्रिय बनाउनु द्विपक्षीय व्यापार विस्तार, लगानी प्रवाह प्रोत्साहन तथा दुवै देशका व्यवसायीबीच साझेदारी सुदृढ गर्न महत्त्वपूर्ण हुने महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। अध्यक्ष ढकालका अनुसार छलफलहरू परिषद् लाई व्यावहारिक र परिणाममुखी बनाउने तथा सहकार्यका ठोस क्षेत्र पहिचानमा केन्द्रित रहनेछन्।

नेपाल र कतारबीच लामो समयदेखि सौहार्दपूर्ण सम्बन्ध र सशक्त जनस्तरीय सम्पर्क रहेको छ, जुन अहिले थप गहिरो आर्थिक सहकार्यतर्फ अघि बढिरहेको छ। पछिल्ला उच्चस्तरीय द्विपक्षीय भेटघाटहरूले निजी क्षेत्रको सहभागिता बढाउन सकारात्मक वातावरण सिर्जना गरेको छ। महासंघले यस भ्रमणलाई त्यस दिशामा समयोचित कदमका रूपमा लिएको जनाएको छ।

नेपालमा जलविद्युत् तथा नवीकरणीय ऊर्जा, पर्यटन, कृषि-प्रशोधन, सूचना प्रविधि, उत्पादन, पूर्वाधार, स्वास्थ्य र शिक्षा लगायतका क्षेत्रमा आकर्षक लगानी अवसरहरू उपलब्ध छन्।

नेपालको निजी क्षेत्रको सबैभन्दा ठूलो छाता संगठनका रूपमा महासंघले विदेशी लगानी सहजीकरण, संस्थागत सहकार्य सुदृढीकरण तथा व्यवसाय-देखि-व्यवसाय सम्पर्क प्रवर्धन गरिरहेको छ। यस बैठकका उपलब्धिहरूले आगामी दिनमा नेपाल-कतार आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने र व्यापार तथा लगानी वृद्धि गर्न योगदान पुऱ्याउने महासंघको अपेक्षा रहेको छ।

नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी सम्पन्न

काठमाडौं। नेपालको निर्माण क्षेत्रको विकासमा केन्द्रित नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनीको एघारौं संस्करण आइतबार सफलतापूर्वक सम्पन्न भएको छ। निर्माण क्षेत्रसँग सम्बन्धित स्वदेशी तथा विदेशी प्रविधि, सामग्री र सेवाहरूलाई एउटै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यका साथ काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी स्थलमा माघ २२ देखि सञ्चालनमा आएको प्रदर्शनीमा ६५ हजार अवलोकनकर्ताले भ्रमण गरेका छन्।

तीन सयभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्डको सहभागिता रहेको प्रदर्शनीमा दुई सयभन्दा बढी स्टलमार्फत निर्माण उद्योगलाई आधुनिक सेवा तथा सामग्री प्रदर्शन गरिएका

छन्। एक दशकदेखि मिडिया स्पेस सोलुसन्स प्राल र फ्युचर एक्स ट्रेड फेयर एण्ड इभेन्ट्स प्रालिको संयुक्त आयोजनामा सम्पन्न हुँदै आएको नेपाल बिल्डकनले सुरुवातदेखि नै नेपाली निर्माण उद्योगलाई आधुनिक प्रविधि र अन्तर्राष्ट्रिय अभ्यासर्सग जोड्दै आएको छ।

प्रदर्शनीले स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नुका साथै अन्तर्राष्ट्रिय बजारमा प्रचलित नयाँ प्रविधि र सेवाहरू नेपाली बजारमा भित्याउने काम पनि गर्दै आएको छ। प्रदर्शनीमा आर्किटेक्चरल हार्डवेयर, एल्युमिनियम एक्स्ट्रुजन, मार्बल, टाइल्स, सेनेटरी वेयर, मोड् युलर तथा आधुनिक किचन, रूफिङ, क्ल्याडिङ, लिफ्ट, एलिभेटर, एस्केलेटर, ढोका-झ्याल, फ्लोरिङ, वाल कभरिङ, ग्लास ग्लेजिङ, पाइप तथा प्लम्बिङ सामग्री, कन्स्ट्रक्सन केमिकल, पीभीसी तथा युपीभीसी प्रोफाइल, ब्याट्री, जेनेरेटर, सिमेन्ट र स्टिललगायत निर्माण क्षेत्रसँग सम्बन्धित सामग्री तथा सेवाहरू समेटिएका थिए। निर्माण व्यवसायी, आयातकर्ता, उत्पादक, वितरक, सेवा प्रदायक, आर्किटेक्ट, इञ्जिनियर, डिजाइनर तथा घर-भवन निर्माण योजना बनाइरहेका व्यक्तिहरूका लागि प्रदर्शनी अत्यन्त उपयोगी भएको छ। प्रदर्शनीको मुख्य प्रायोजक फ्लाइबर्ड इन्टेरियर रहेको थियो भने पावर्ड बाईमा लुम्बिनी सेरामिक्स (लेमिनार टाइल्स) रहेको थियो।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्राप्त संस्था

केन्द्रीय कार्यालयः काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइटः www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८२/१०/२६)

यस विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पतिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ। विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	सुनवल शाखा	मालपोत कार्यालय पारासी, नवलपरासी (ब.सु.प.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. ४/ग स्थित किता नं. २११११ को क्षेत्रफल ०-२-१०-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	जग्गा
२	फार्सीटिकर शाखा	मालपोत कार्यालय रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स.-६/ख स्थित कि.नं. ७ र ५१३ को क्षेत्रफल क्रमशः ०-०-१७-० र ०-४-१२-० (बिघा) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८२/११/०३) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/११/११ गते सोमबार दिनको ५:०० बजे विकास बैंकको शाखा कार्यालय, क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम घरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा छिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र घरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा घरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा घरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त घरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।

नेप्से परिसूचक घट्यो, कारोबार बढ्यो

news 24

काठमाडौं, माघ २५

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक साताको पहिलो दिन आइतबार घटेको छ। गत साताको अन्तिम दिन बिहीबार २७.१९ अंकले उकालो लागेको नेप्से आइतबार १०.२४ अंकले घटेर २६९८.४५ अंकमा झरेको हो।

नेप्से सूचक घटे पनि कारोबार रकम भने बढेको छ। कुल ११ अर्ब ६५ करोड ९७ लाख ५२ हजार रुपैयाँ बराबरको २ करोड ६२ लाख ३६ हजार २०४ किता शेयर किनबेच भएको छ। कारोबार रकम बिहीबारको तुलनामा ७ करोड ६९ लाख रुपैयाँले बढी हो। बिहीबार ११ अर्ब ५८ करोड २८ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो।

नेप्से उपसूचक समूहमध्ये लगानी ०.०९ र अन्य समूह ०.४६ प्रतिशतले बढेका छन् भने घट्ने समूहमा सबैभन्दा धेरै होटल तथा पर्यटन समूह २.१३ प्रतिशतले घटेका छन्। त्यस्तै, व्यापार १.३०, निर्जीवन बिमा ०.२८, म्युचुअल फण्ड ०.६१, लघुवित्त ०.२१, उत्पादन तथा प्रशोधन १.१६, जीवन बिमा ०.७१, जलविद्युत् ०.३१, वित्त ०.०१, विकास बैंक ०.९२ र बैंक समूह ०.१३ प्रतिशतले घटेका छन्।

आइतबार ८५ कम्पनीको शेयर बढ्दा १६८ वटा घटेका छन् भने ७ वटाको शेयरमूल्य स्थिर छ। सुपरमाई हाइड्रोपावर कम्पनीमा सकारात्मक सर्किट लागेको छ। त्यस्तै रिडी पावर ९.९८, खानीखोला हाइड्रोपावर ९.९७, हिमालयन हाइड्रोपावर ५.३९ र जोशी हाइड्रोपावर विकास कम्पनीको शेयर मूल्य ४.४९ प्रतिशतले बढेको छ।

लाभांशबारे जानकारी दिन निर्देशन

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले कम्पनीहरूले प्रदान गर्ने लाभांश, ब्याजलगायत वितरणसम्बन्धी जानकारी ईमेल वा एसएमएसमार्फत शेयरधनीलाई दिन निर्देशन दिएको छ। नेप्सेलेसबै सूचीकृत कम्पनीहरूका नाममा सूचना जारी गरी लाभांशबारे जानकारी दिन निर्देशन दिएको हो।

नेप्सेले कम्पनीहरूलाई लाभांश वितरण गर्दा विवरणहरू प्रष्ट पार्न निर्देशन पनि दिएको छ। साधारण शेयर वा म्युचुअल फण्डको इकाइका हकमा स्टक सिम्बोल, आर्थिक वर्ष र लाभांश दर (प्रतिशत)मा प्रष्ट खुलाउनुपर्ने नेप्सेले स्पष्ट पारेको छ। त्यस्तै ऋणपत्र वा डिबेन्चरका हकमा स्टक सिम्बोल, आर्थिक वर्ष र ब्याजदर (प्रतिशत)मा खुलाउनुपर्ने नेप्सेको निर्देशनमा उल्लेख छ।

कालिन्चोक दर्शन ८.९१ , कर्पोरेट विकास बैंक ८.२९, नारायणी विकास बैंक ५.६४ र युनियन हाइड्रोपावरको शेयर मूल्य भने ४.७१ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै सुपर मादी हाइड्रोपावरको ५६ करोड तीन लाख ४८ हजार रुपैयाँबराबरको खरिदबिक्री भएको छ। आँखुखोला जलविद्युत् ५१ करोड ४९ लाख र रिडी पावर ४७ करोड ७४ लाख रुपैयाँबराबरको किनबेच भएको छ।

टप गेनर्स

कम्पनी	वृद्धि प्रतिशत
सुपरमाई हाइड्रोपावर	१०
रिडी पावर	९.९८
खानीखोला हाइड्रोपावर	९.९७
हिमालयन हाइड्रोपावर	५.३९
जोशी हाइड्रोपावर	४.४९

टप लुजर्स

कम्पनी	वृद्धि प्रतिशत
कालिञ्चोक दर्शन	८.९१
कर्पोरेट विकास बैंक	८.२९
नारायणी विकास बैंक	५.६४
युनियन हाइड्रोपावर	४.७१
बन्दीपुर केबलकार एण्ड टुरिजम	४.७

टप टर्नओभर

कम्पनी	कारोबार रकम
सुपर मादी	५६,०३,४८,१५५
आँखुखोला हाइड्रोपावर	५१,४९,५७,४३२
रिडी पावर	४७,७४,९२,५०१
राधी विद्युत कम्पनी	४३,९८,३४,००५
एसवाई प्यानल नेपाल	४२,४१,५६,४०६

उप्रेतीलाई सिटिजन्स बैंकको अवार्ड

काठमाडौं। यस वर्षको 'म्यान-सिटिजन्स एस्पायरिङ म्यानेजर अवार्ड' गौरव उप्रेतीलाई प्रदान गरिएको छ। नेपाल व्यवस्थापन संघ (म्यान)को राष्ट्रिय व्यवस्थापन सम्मेलनमा शनिबार प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतबाट पुस्कार प्रदान गरिएको हो।

पुरस्कारको चयन प्रक्रियामा सिटिजन्स बैंक, पूर्वाञ्चल विश्वविद्यालय र म्यानका पदाधिकारीहरूको एक समितिले गरेको हो। अवार्डले नेपालको म्यानेजमेन्ट शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने र यसले भविष्यका म्यानेजमेन्ट पेशेवरहरूलाई प्रोत्साहित गर्ने विश्वास बैंकले लिएको छ।

सिटिजन्स बैंक र म्यानबीच गत वर्ष एमबीए तहमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले 'म्यान-सिटिजन्स एस्पायरिङ म्यानेजर अवार्ड' स्थापना गर्न समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो। सम्झौताअनुसार प्रत्येक वर्ष पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत एम.बी.ए.मा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई ५१ हजार रुपैयाँको पुरस्कार प्रदान गरिनेछ।

इटहरीमा बतास एमएडब्लूको अत्याधुनिक आइशर थ्री एस फ्यासिलिटी

काठमाडौं (संवाददाता) - बतास एमएडब्लू कमर्सियल भेहिकल्स प्रालिले सुनसरीको रामधुनी नगरपालिका-तिर्जिवन, इटहरीमा अत्याधुनिक आइशर थ्री एस (सेल्स, सर्भिस र स्पेयर्स) फ्यासिलिटीको औपचारिक उद्घाटन गरेको छ। यस नयाँ फ्यासिलिटी सञ्चालनमा आएसँगै पूर्वी नेपालमा भोल्भो-आइशर कमर्सियल भेहिकल्सको बिक्री तथा आफ्टर सेल्स सर्भिस नेटवर्क थप मजबुत बनेको कम्पनीले जनाएको छ।

उद्घाटन समारोहमा रामधुनी नगरपालिकाकी उप-प्रमुख श्रीमती तारा थापा, एमएडब्लू ग्रुप तथा बीएमसीभीका अध्यक्ष विष्णुकुमार अग्रवाल, बतास एमएडब्लू कमर्सियल भेहिकल्सका प्रबन्ध निर्देशक शान्तराज बतास तथा भीई कमर्सियल भेहिकल्सका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय व्यवसाय प्रमुख अमन अरोरालगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो। कार्यक्रममा उद्योग, बैंकिङ, अटोमोबाइल क्षेत्रका प्रतिनिधि, ग्राहक तथा व्यावसायिक साझेदारहरूको उल्लेख्य सहभागिता थियो।

श्री एस फ्यासिलिटी दक्ष प्राविधिक जनशक्ति, आधुनिक डायग्नोस्टिक उपकरण तथा पूर्णरूपमा सुसज्जित ओरिजिनल स्पेयर पार्ट्स सेन्टरसहित सञ्चालनमा आएको छ। यसले सवारीसाधनको मर्मतसम्भार छिटो र प्रभावकारी बनाउँदै अधिकतम अपटाइम सुनिश्चित गर्ने कम्पनीको लक्ष्य रहेको छ।

कार्यक्रममा अतिथिहरूले यस फ्यासिलिटीले स्थानीय स्तमा रोजगारी सिर्जना गर्नुका साथै पूर्वी नेपालको ढुवानी, यातायात तथा आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। कम्पनीका अनुसार इटहरी क्षेत्र पूर्वी नेपालको प्रमुख व्यावसायिक करिडोर भएकाले यहाँको श्री एस फ्यासिलिटीले फ्लिट अपरेटर र यातायात व्यवसायीलाई सहज, भरपर्दो र गुणस्तरीय सेवा उपलब्ध गराउनेछ। बतास एमएडब्लू कमर्सियल भेहिकल्सले आगामी दिनमा पनि ग्राहक-केन्द्रित सेवा, बलियो आफ्टर सेल्स सपोर्ट र नेटवर्क विस्तारमार्फत नेपाली कमर्सियल भेहिकल बजारमा आफ्नो उपस्थिति थप सुदृढ गर्दै लैजाने जनाएको छ।

सानिमा रिलायन्सलाई अन्तर्राष्ट्रिय सम्मान

काठमाडौं। सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले टैटौं इमर्जिङ एसिया इन्स्योरेन्स कन्क्लेभ एण्ड अवार्ड्स २०२५ मा 'बेस्ट स्ट्राटेजिज फर इन्स्योरेन्स कभरेज फर द इयरको प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको छ।

थाइल्याण्डको बैंककमा सम्पन्न कार्यक्रम इण्डियन चेम्बर अफ कमर्सद्वारा आयोजना गरिएको हो, जसमा एसियाका उदाँउदा बीमा बजारहरूमा नवीनता, रणनीतिक प्रभाव, बीमा पहुँच विस्तार तथा ग्राहक-केन्द्रित पहलहरूलाई मूल्यांकन गरी प्रदान गरिने एक प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड हो। यस विधामा सानिमा

रिलायन्स लाइफ इन्स्योरेन्स छनोट हुनु कम्पनीले अवलम्बन गरेको दीर्घकालीन, समावेशी र व्यावहारिक बीमा रणनीतिहरूको स्पष्ट प्रतिबिम्ब हो। अवार्ड ग्रहण गर्दै कम्पनीका अध्यक्ष रतनलाल केडियाले अन्तर्राष्ट्रिय सम्मान प्राप्त गर्नु कम्पनीका लागि गौरवको विषय रहेको र यो अवार्ड कम्पनीको रणनीतिक सोच, टिमको समर्पण र ग्राहक-केन्द्रित दृष्टिकोणको मान्यता रहेको बताए। साथै सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स सधैं बीमालाई सरल, पहुँचयोग्य र विश्वासिलो बनाउने उद्देश्यमा केन्द्रित रहँदै आएको उल्लेख गरे।

यस उपलब्धिप्रति प्रतिक्रिया दिँदै कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले, कम्पनीले प्राप्त गरेको अन्तर्राष्ट्रिय अवार्डले सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सलाई नेपालमा मात्र नभई एसियाली बीमा बजारमा समेत एक सक्षम, रणनीतिक र भरोसायोग्य जीवन बीमा कम्पनीका रूपमा थप सुदृढरूपमा स्थापित गरेको बताए।

पौवादुङ गोल्डकप र माघी मेलाले पर्यटनमा रौनक

भोजपुर। स्थानीयस्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउँदै आएका छन्। खेल तथा मेलाका अवसरमा स्थानीय पालिकासहित छिमेकी जिल्ला तथा देशका विभिन्न स्थानबाट आउने खेलाडी र खेलप्रेमीको उपस्थितिले यहाँको पर्यटन प्रवर्धनमा सकारात्मक प्रभाव परेको स्थानीयवासीले बताएका छन्।

खेलकुदलाई पर्यटन प्रवर्धनको आधार बनाउँदै जिल्लाको पौवादुङमा गाउँपालिकाले हालै तेस्रो पौवादुङमा गोल्डकप तथा माघी मेला सफलतापूर्वक सम्पन्न गरेको छ। प्रतियोगिता तथा मेलाका कारण जिल्लाभित्र र बाहिरबाट आएका आगन्तुकको उपस्थितिले स्थानीय पर्यटन र व्यवसायमा सकारात्मक प्रभाव परेको छ।

गोल्डकप तथा माघी मेलाका अवसरमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्रीसमेत गरिएको थियो। घरेलु कृषि

उपज, हस्तकला सामग्री तथा परम्परागत खानाका स्टलहरूले दर्शकको ध्यान आकर्षित गरेका थिए। यसले स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्नुका साथै किसान र उद्यमीलाई प्रोत्साहन मिलेको गाउँपालिकाले जनाएको छ। स्थानीयस्तरमा सञ्चालन हुने यस्ता खेलकुद प्रतियोगिता तथा सांस्कृतिक मेलाले रोजगारी सृजना, आर्थिक गतिविधि विस्तार र गाउँको पहिचान निर्माणमा योगदान पुऱ्याउँदै आएका छन्।

स्थानीयवासीले यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र दीर्घकालीन रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। शुक्रबार सम्पन्न गोल्डकप तथा माघी मेलामा सहभागी हुन गाउँपालिकाका विभिन्न वडासहित छिमेकी जिल्ला तथा देशका अन्य स्थानबाट खेलाडी, प्रशिक्षक, दर्शक र खेलप्रेमीको बाक्लो उपस्थिति देखिएको थियो। प्रतियोगिता अवलोकनका लागि बाहिरबाट आएका आगन्तुकका कारण होटल, रेस्टुरेन्ट तथा यातायात व्यवसायसमेत चलायमान बनेको स्थानीय व्यवसायी दिनेश अधिकारीले बताए।

'यस्ता प्रतियोगिता हुँदा बाहिरबाट धेरै मानिस आउँछन्,' उनले भने, 'यसले खेलकुदसँगै गाउँको चिनारी बढाएको छ। होटल तथा व्यापार व्यवसायलाई पनि फाइदा पुगेको छ।'

खेलकुद क्षेत्रको विकाससँगै आन्तरिक पर्यटन प्रवर्धन गर्ने लक्ष्यका साथ पौवादुङमा गाउँपालिकाले विगतका वर्षदेखि नै पौवादुङमा गोल्डकप तथा माघी मेला आयोजना गर्दै आएको छ। गाउँपालिकाले यस्ता कार्यक्रममार्फत स्थानीय सम्भावना उजागर गर्ने र गाउँलाई पर्यटकीय गन्तव्यका रूपमा चिनाउने रणनीति लिएको जनाएको छ।

गाउँपालिका अध्यक्ष किरण राईका अनुसार खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। 'खेलकुद र संस्कृति जोडिएका कार्यक्रमले यहाँको पर्यटन प्रवर्धनमा टेवा पुऱ्याएको छ,' उनले भने, 'आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित बनाउने योजना छ।' *(रासस)*